गाँउपालिकाको नियम संख्याः- दुई (२)

# सानीभेरी गाँउपालिकाको आर्थिक वर्ष २०७४/०७५को बजेट बक्तव्य

गाँउसभाबाट स्वीकृत मितिः२०७४/०५/०५

## Office of the Rural Municipal Executive

## सानीभेरी गाउँपालिका कार्यलय

सिम्ली, रुकुम (पश्चिम)

नं. ६ प्रदेश, नेपाल

# पृष्ठभुमी

सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम
नेपाल
२०७३

**गाउँसभाका अध्यक्ष महोदय,**

स्थानीय तहको व्यवस्थापकिय रुपमा रहेको यस सम्मानित सानीभेरी गाउँसभामा आर्थिक वर्ष २०७४/०७५ को वार्षिक वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नेपाली जनताको लामो समय सम्मको बलिदानी पूर्ण इतिहाँस मार्फत एकात्मक केन्द्रिकृत राज्य व्यवस्थाको अन्त्य गरी नेपालको संविधान २०७२ घोषणा भई संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको रुपमा नयाँ स्थानिय तहहरु घोषणा भए । जसअनुरुप गठन भएको यस सानीभेरी गाउँपालिकामा स्थानिय तह निर्वाचन, २०७४ मार्फत निर्वाचित यस सम्मानित गाउँसभामा आर्थिक वर्ष २०७४/०७५ को बजेट प्रस्तुत गर्न पाउदा गर्वको अनुभुति भएको छ ।

सबभन्दा पहिले आज यो स्थानमा ल्याइपुऱ्याउने जनयुद्ध तथा जनआन्दोलनका ज्ञात अज्ञात महान शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते अपांग तथा व्यपत्ताहरु प्रति उच्च सम्मान प्रकट गर्दछु । म लगायत गाउँसभाको यो टिमलाई निर्वाचित गरी यो गरिमामय अवसर प्रदान गर्नुहुने सम्पूर्ण सानीभेरी गाउँपालिका निबासी आमा बुवा, दाजुभाई तथा दिदीबहिनीलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै उहाँहरु प्रतिको हाम्रो योगदानमा कुनै कमी आउन नदिने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

## विद्यमान अवस्था

साविकका पाँच गा.वि.स.हरु मध्ये दुली र पूर्तिमकाँडाका ६/६ वटा वडा र सिम्ली, गरायला तथा अर्माको पुरै भाग समेटेर १३३.८ वर्ग किमी क्षेत्रमा फैलिएको यस सानीभेरी गाउँपालिका जम्मा ११ वटा वडाहरु मिलेर बनेको सर्वविधितै छ । भौगोलिक जटिलता, विकासको प्राथमिक चरणको अवस्था श्रोतसाधनको पहिचान र परिचालन भई नसकेको यथार्ततताका वीच अनुदानमा आधारित रहेर बजेट निर्माण गर्नु तथा कर्मचारी प्रशासन व्यवस्थित नभैसकेको अवस्था कमजोर जन सहभागिता, न्यून आन्तरिक श्रोत र उपभोक्ताबादी संस्कारका वीचमा रहेर खर्च प्रणालीलाई व्यवस्थित गरि उपलब्धीलाई जनताको तहसम्म पुऱ्याउनु साँच्चिकै चुनौतिपूर्ण देखिन्छ । तथापी आगामी वार्षिक कार्यक्रमलाई यथार्तता र वास्तविक आवश्यकतामा आधारित तुल्याउदै सेवा प्रवाह र नागरिकको विकासको अपेक्षालाई पुरा गर्नु हाम्रो प्रतिबद्धता हुनेछ र यो बजेट त्यसै तर्फ केन्द्रित भएको सगर्व जानकारी गराउन चाहन्छु ।

## बजेटका प्राथमिकताहरु

यो आर्थिक वर्षको बजेट निर्माण गर्दा निम्न क्षेत्र हरुलाई मूख्य प्राथमिकतामा राखिएको छ ।

क) आर्थिक विकास क्षेत्र ।

ख) सामाजिक क्षेत्र ।

ग) पूर्वाधार विकासको क्षेत्र ।

घ) वातारण तथा विपद र व्यवस्थापन क्षेत्र ।

ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासनका क्षेत्र ।

नरबहादुर पुन
अध्यक्ष

**अब म बजेटका उद्देश्यहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

१. सामाजिक न्याय समावेशीकरण र समानताको प्रवर्धन गर्नु ।

२. नागरिकको प्रत्यक्ष जीवन प्रक्रियासंग जोडिएका प्रर्वाधार संरचनाको विकास गर्नु ।

३. गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, तथा खानेपानी र सरसफाई प्राथमिकाताका साथ परिपुर्ति गर्नु ।

४. नवगठित स्थानिय तहको सेवा प्रवाहलाई चुस्त दुरुस्त तुल्याउन प्रशासनिक व्यवस्थाको तथा पूर्वाधार संरचनाको विकास गर्ने ।

बजेटका उल्लेखित उद्देश्यहरु पुरा गर्न मैले योजना तथा कार्यक्रम छानौट गर्दा तपशिल बमोजिमका कुराहरुलाई ध्यानमा राख्ने प्रयास गरेको छु ।

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- स्थानिय चेतना र स्वस्थ जीवनशैलीलाई प्रवर्धन गर्ने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागीताको अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- वातावरण संरक्षण, विपद व्यवस्थापन र जलवायु अनुकुलन हुने,
- संस्कृति र पहिचान प्रवर्धन गर्ने ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने,

**अध्यक्ष महोदय,**

आजको दिन सम्म आइपुग्दा बजेट निर्माण प्रक्रियालाई व्यस्थित तुल्याउन विभिन्न क्षेत्रको भूमिका र प्रक्रियालाई छोटकरीमा स्मरण दिलाउन चाहन्छु ।

सुरुमा वडा कार्यालयहरु मार्फत टोल स्तरीय योजना छनौट गरी वडागत योजनाहरुलाई वडा समितिहरु मार्फत निर्णय गरि संकलन गरियो । संगसंगै गाउँ कार्यपालिका मार्फत विभिन्न तीन विषयगत समितिहरु; राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी सोही समितिहरु मार्फत क्षेत्रगत रुपमा कार्य सम्पन्न गरियो । यस क्षेत्रमा क्रियासिशल विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु, विभिन्न सामाजिक संस्थाका प्रतिनिधिहरु, यस क्षेत्रका प्रबुद्ध, बुद्धिजीवी, व्यवसायी, पत्रकार शिक्षक, लगायतको सर्वपक्षिय भेला सम्पन्न गरी अन्तक्रियाको क्रममा दिइएका सुझाब, चासो र सरोकारहरुलाई समेत आत्मसाथ गरियो । वडाहरु बाट प्राप्त योजना तथा उल्लेखित समितिहरु को निर्णय प्रतिवेदनका आधारमा कार्यपालिका बैठकमा केन्द्रित भई घनिभूत छलफल पश्चात बजेट बाँडफाँट प्रक्रियालाई व्यवस्थित तुल्याएर आज म यो गरिमामय सभामा उपस्थित भएकी छु ।



नरबहादुर पुन
अध्यक्ष

अब म आर्थिक वर्ष २०७३/०७४ को सामान्य समिक्षा गर्न चाहन्छु । एकिकृत रुपमा सानीभेरी गाउँपालिका गठन भई नसकेको अवस्थाका सानीभेरी गाउँपालिका अन्तर्गतका साविक पाँचवटा गा.वि.स. हरुको गाउँ परिषद मार्फत योजना निर्माण तथा बजेट बाँडफाँड प्रक्रिया सम्पन्न भई जम्मा ३ किस्ता अनुदान रकम मध्य २ किस्ता अनुदान रकम साविक गा.वि.स.कै खातामा निकासा भई अधिकांश भुक्तानी प्रक्रिया सम्पन्न भइसकेको अवस्थामा २०७३ फाल्गुन २७ गते देशैभर गठन भएका ७४४ वटा स्थानिय तह मध्ये सानीभेरी गाउँपालिका समेत गठन भई सो अन्तर्गतका गा.वि.स. हरुको खाता रोक्का हुन पुग्यो, र स्थानिय तहको अन्तरिम व्यवस्थाका निमित्त स्थानिय तहको शासन संचालन सम्बन्धी कार्यविधि, २०७३ लागु भयो । साविक गा.वि. स. हरुको अनुदान रकम गाउँपालिकाको खातामा एकिर्कत रुपमा निकासा गरी गाउँपालिका मार्फत साविककै गाउँपरिषद निर्णयका आधारमा भुक्तानी दिने व्यवस्था भए अनुसार ढिलो गरी २०७४ असाढ १६ गते मात्र गाउँपालिकाले निकासा प्राप्त गरि अत्यन्त छाटो समयमा भुक्तानी दिनुपर्ने बाध्यता सिर्जना भयो । तथापी साविक गाउँ परिषदको निर्णय वमोजिम सबै भुक्तानी प्रक्रियालाई व्यवस्थित ढंगले सम्पन्न गरिएको छ ।

अब म आर्थिक वर्ष २०७४/०७५ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्षको लागि आर्थिक विकास कार्यक्रम अन्र्तगत १ करोड ९ लाख विनियोजन गरिएको छ । जस अन्तर्गत विभिन्न ५ वटा क्षेत्रहरुलाई प्राथमिकताका आधारमा विनियोजन गर्दा कृषितर्फ ५६ लाख उद्योग तथा वानिव्य तर्फ २२ लाख, पर्यटन तर्फ १६ लाख, सहकारी तर्फ १० लाख र वित्तिय क्षेत्र तर्फ ५ लाख विनियोजन गरिएको छ । आर्थिक विकास मार्फत नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउन कृषि क्षेत्रको व्यवसायीकरण स्थानिय उद्यमशिलताको प्रवर्धन र आय मुलक उद्योगको स्थापना पर्यटन क्षेत्रको पहिचान, विकास र प्रबर्धन यसको मूख्य उद्देश्य हुनेछ ।

सामाजिक विकास तर्फ शिक्षामा ५ करोड ९४ लाख २५ हजार छुटयाएको छ, जसमा शिक्षामा ३ करोड, स्वास्थ्यमा ६० लाख, खानेपानी तथा सरसफाईमा १ करोड ६८ लाख २५ हजार, संस्कृति प्रवर्धन तर्फ १० लाख, युवा तथा खेलकुद तर्फ १६ लाख, लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ ४० लाख विनियोजन गर्दा सामाजिक विकास शीर्षकमा जम्मा ५ करोड ९४ लाख २५ हजार खर्च हुने देखिन्छ। जसमा मध्यम स्तरको सुविधा युक्त स्वास्थ्य संस्थाको स्थापना र विकास गर्ने लक्ष्य राखिएको छ, भने गुणस्तरिय शिक्षा र शिक्षा क्षेत्रको व्यवस्थापन मार्फत शिक्षामा अनुभुत हुने किसिमको परिवर्तन ल्याउने उद्देश्य राखिएको छ । संस्कृतिलाई समाजको अभिन्न अंग र खेलकुदलाई जीवनको महत्वपूर्ण पक्षको रुपमा स्वीकार गर्दै लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई आत्मसाथ गरिएको छ भने खानेपानी तथा सरसफाईलाई प्राथमिकतामा राखिएको छ ।

स्थानिय ग्रामिन सडक निर्माण गर्ने, जोखिमयुक्त तथा नागकिको नियमित आवत–जावत हुने स्थानहरुमा ट्रस ब्रिज बनाउने तथा झोलुङ्गे पुल निर्माणको लागि आवश्यक पहल कदमी लिने उद्देश्य सहित यस क्षेत्रको लागि ३ करोड ३० लाख २५ हजार ३ सय विनियोजन गरिएको छ । यसैगरी सिंचाइ तर्फ १ करोड १० लाख ५० हजार, भवन तथा शहरी विकास तर्फ १ करोड ८३ लाख ५०



नरबहादुर पुन
अध्यक्ष

हजार, उर्जा तर्फ ३८ लाख ५० हजार विनियोजन गरिएको छ । भवन तथा शहरी विकास शीर्षकमा विनियोजित रकम अन्तर्गत ११ वटै वडा कार्यालय हरुको भवन निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ भने सञ्चार स्थानिय व्यवसायी तथा मिडिया सम्बद्ध व्यवसायीहरुलाई उत्प्रेरित गरी ग्रामिण सञ्चारका निमित्त एफ एम रेडियो संचालनको सोच राखिएको छ । यसरी समग्र पूर्वाधार विकासका लागी ६ करोड ६२ लाख ७५ हजार ३ सय रकम खर्च हुने देखिन्छ ।

**"वातावरण जीवनको आधार"** भन्ने तथ्यलाई आत्मसाथ गर्दै वातावरण मैत्री पूर्वाधार विकास तथा वातावरण अनुकुल जीवन पद्धतीको विकासका माध्यम द्वारा विपदको न्युनिकरण गर्ने उद्देश्य राखिएको छ । अव्यवस्थित फोहोरका कारण शहरोन्मुख बजारहरुलाई फोहोरमैला तथा ढल व्यवस्थापनका लागि ५ लाख विनियोजन गरिएको छ । यसमा स्थानिय व्यवसायी र नागरिकहरुको समेत सहकार्य रहने विश्वास लिइएको छ । वन तथा भू संरक्षणको लागी ११ लाख, जलाधार संरक्षणका लागि ११ लाख तथा वातावरण संरक्षण, जलवायु परिवर्तनका लागि ११ लाख विनियोजन गरिएको छ । यसै गरी जल उत्पन्न प्रकोप नियन्त्रण तर्फ ६ लाख र विपद व्यवस्थापन तर्फ ४ लाख छुट्याइएको छ । यसरी वातावरण तथा विपद व्यवस्थापन शीर्षकमा ४८ लाख विनियोजन गरिएको छ ।

आर्थिक स्रोत र नागरिक अपेक्षा वीचको तालमेल विना कुनै पनि शासकिय तह जीवन्त रहन सक्दैन । उचित मानव स्रोतको व्यवस्थापन, सुरक्षित सामाजिक प्रणाली सूचना प्रविधिको उचित प्रयोग तथा साशन र सेवा प्रवाह सम्बद्ध  तथ्यांक तथा अभिलेखहरुको समुचित व्यवस्थपन मार्फत सुशानलाई प्रवर्धन गर्न सकिन्छ । कार्यालय संचान सम्बद्ध सामाग्रीहरुविना नागरिकलाई सेवा प्रबाह गर्ने पक्ष अवरुद्ध हुन जान्छ । यसै तथ्यलाई हृदयंगमन गर्दै कर्मचारीको दरवन्दी अनुसारको सेवा सुविधाका निमित्त १ करोड ३० लाख सुरक्षा व्यवस्थापन तर्फ १९ लाख सूचना प्रविधि तर्फ ५ लाख स्थानिय तथ्यांक संकलन,अभिलेख र प्रोफाईल व्यवस्थापनतर्फ ७ लाख, गाउँपालिका तथा वडा कार्यलय संचालनका र व्यवस्थापनका लागि ३५ लाख लगायत अन्य खर्च गरी संस्थागत विकास, सेवा प्रवाह र सुशासन शीर्षकमा ३ करोड ७० लाख ६१ हजार ६ सय ८८ रुपैंया विनियोजन गरिएको छ ।

गाउँपालिकाले विनियाजन गर्ने जम्मा रकमको 4 प्रतिशत रकम कन्टेन्जेन्सी रकमको रुपमा कट्टी गरी विभिन्न विशेष तथा आपतकालिन शीर्षकहरुमा खर्च गर्ने निर्णय गाउँकार्यपालिका द्वारा लिइएको छ ।

यसरी संघिय सरकारद्वारा प्राप्त सशर्त अनुदान ८ करोड १४ लाख १ हजारलाई निर्धारित शीर्षकहरु मै खर्च गर्ने तथा माथि उल्लेखित खर्चको स्रोतका निमित्त संघिय सरकारद्धार प्राप्त वित्तिय समानीकरण अनुदान रकमलाई उपयोग गर्ने निति लिइएको छ । जुन रकम १८  करोड ७७ लाख २६ हजार रहेको छ । विनियोजन ऐन २०७४ बमोजिम जम्मा रु.२८ करोड रकममा नबढ्ने गरी खर्च गर्ने व्यवस्था मिलाईएको छ ।

सशर्त अनुदान तर्फ कृषि क्षेत्रको लागि रु. ६ लाख ४० हजार, पशुपन्छी क्षेत्रको लागि ५ लाख ९१ हजार, शिक्षा क्षेत्रको सबै तहका विद्यालय र कर्मचारीहरुको तलब र प्रशासनिक खर्च, विद्यालय



नरबहादुर पुन
अध्यक्ष

क्षेत्रविकास कार्यक्रम तर्फ रु. ६ करोड ७४ लाख ९७ हजार, स्वास्थ्य तर्फ कर्मचरीहरुको तलब र प्रशासनिक खर्च, स्वास्थ्य, शिक्षा, सूचना तथा संचार सेवा, एकृत स्वास्थ्य कार्यक्रम र क्षयरोग नित्रन्त्रणको लागि रु. १ करोड २६ लाख ७१ हजार विनियोजन गरिएकोछ । यो रकम सम्बन्धित विषगत कार्यालयहरु मार्फत गाउँपालिको प्रत्यक्ष नियन्त्रण निर्देशन र समन्वयमा खर्च गरिनेछ ।

आन्तरिक स्रोत परिचालन तर्फ एकदमै न्युन राजस्व संकलण हुने गरेको तथ्यलाई बोध गर्दै राजस्वको दर रेट र दायराको सन्दर्भमा व्यापक छलफल गर्दा घरजग्गा कर, भुमी (मालपोत) कर, जग्गा पास कर, व्यवसाय कर, सेवा शुल्क कर, अनुमानित २० लाख राजस्व संकलन गरिनेछ।

संकलन हुने सक्ने सम्भावित आन्तरिक स्रोत, प्रदेश सरकारबाट प्राप्त हुन सक्ने अनुदान रकम, संघिय विशेष अनुदान रकम, जिल्ला समन्वय समिति द्वारा स्थानिय तहलाई बाँडफाँड हुने आदि रकमका सन्दर्भमा कार्यक्रम स्वीकृत गरि खर्च गरिने छ ।

बजेट सम्बन्धित सम्पूर्ण विवरण प्रस्तुत आर्थिक ऐन र विनियोजन ऐन २०७४ मा व्यवस्थित गरिएकोछ।

**धन्यवाद ॥**

सानीभेरी गाँउसभाद्धारा पारित आर्थिक बर्ष २०७४/०७५ को सानीभेरी गाँउपालिकाको प्रथम बजेट भाषण, २०७४ यस सानीभेरी गाँउपालिका अध्यक्ष श्री नरबहादुर पुन बाट प्रमाणिकरण गरिएको छ ।

नरबहादुर पुन
अध्यक्ष

नाम : नर बहादुर पुन

पद : गाँउपालिका अध्यक्ष

मिति : २०७४/०५/०५



नरबहादुर पुन
अध्यक्ष